खण्ड "क"

*नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६८ आषाढ २१ मा स्वीकृत*

# बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति

# Child Friendly Local Governance (CFLG)

# National Strategy

नेपाल सरकार

## स्थानीय विकास मन्त्रालय

**पुल्चोक, ललितपुर**

**२०६८**

# विषय सूची

खण्ड १: परिचय ........ २
१.१ पृष्ठभूमि ........ २
१.२ परिभाषाः ........ ३
१.३ बालमैत्री स्थानीय शासन रणनीतिको उद्देश्य ........ ४
१.४ बालमैत्री स्थानीय शासन रणनीतिको औचित्य ........ ४
१.५ शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान ........ ५
खण्ड २: बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था ........ ६
२.१ बाल अधिकार सम्बन्धमा भएका महत्वपूर्ण प्रयासहरु ........ ६
२.२ बाल अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका अन्य प्रयासहरु ........ ९
खण्ड ३: बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था ........ ११
३.१ बालमैत्री स्थानीय शासनको रणनीतिक सोच ........ ११
३.२ बालमैत्री स्थानीय शासनको लक्ष्य ........ ११
३.३ बालमैत्री स्थानीय शासनका उद्देश्यहरु ........ ११
३.४ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त ........ ११
३.५ बालमैत्री स्थानीय शासनका रणनीतिहरु ........ १३
३.६ बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था ........ १६
३.७ बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु ........ १७
खण्ड ४: बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था ........ १८
४.१ बालमैत्री स्थानीय शासन पद्धति विस्तार ........ १८
४.२ वित्तीय स्रोत व्यवस्था ........ १८
खण्ड ५: बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरु ........ २०
५.१ बालमैत्री स्थानीय शासनका प्रतिफलहरु ........ २०
५.२ उपलब्धि मापनका न्यूनतम् सूचकहरु ........ २१
खण्ड ६: बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा ........ २२
६.१ बालमैत्री स्थानीय शासन पद्धतिको छनौट ........ २२
६.२ बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन ........ २२
६.३ बालमैत्री स्थानीय निकाय घोषणा ........ २२
खण्ड ७: विविध ........ २३
७.१ पूर्वानुमान ........ २३
७.२ जोखिम पक्ष ........ २३
७.३ संसोधन गर्न सकिने ........ २३

अनुसूची १ ........ २५
बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा ........ २५
अनुसूची २ ........ २९
बालमैत्री कार्यक्रमका लागि नगरपालिकाका वडा तथा गाउँ विकास समिति छनौटका आधारहरु ........ २९
अनुसूची ३ ........ ३०
बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासनसम्बन्धी न्यूनतम सूचकहरु ........ ३०

# खण्ड १: परिचय

## १.१ पृष्ठभूमि

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९ को अवधारणा, नेपालको अन्तरिम संविधान, २०६३ मा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, नेपालको त्रि-वर्षीय अन्तरिम योजना, बालबालिका सम्बन्धी ऐन, २०४८ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले बालबालिकाको पक्षमा नीतिगत एवं कानुनी प्रावधान राखी बाल अधिकारको समग्र पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रुपमा रहेका जिल्ला विकास समिति, नगरपालिका ( नगरपालिका) तथा गाउँ विकास समिति जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय निकायको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ ।

नेपालमा केन्द्रीय तथा स्थानीय निकायको समन्वय र सहयोगमा बालमैत्री विकासका पक्षमा धेरै कामहरु भएका छन् । बालश्रम सम्बन्धी गुरुयोजना (२०६१/६२-२०७१/७२), बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६ लागू भैसकेको र बालबालिकाको लागि १० वर्षे (२०६१-२०७१) राष्ट्रिय कार्ययोजना अनुसार कार्यक्रम संचालन हुन थालेको छ । तथापि बालबालिकाको विकास र बाल अधिकार संरक्षणमा उल्लेखनीय प्रगति हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ । वि. सं २०६७ को आँकडा अनुसार नेपालको जनसंख्या २ करोड ८० लाख ४३ हजार ७४४ पुगेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६७) । यसमा करिब ४७.५ प्रतिशत १८ वर्ष मुनिका बालबालिकाको रहेको पाइन्छ भने १६ वर्ष मुनिका बालबालिकाको जनसंख्या ४०.९३ प्रतिशत रहेको छ । नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ३४, शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ४८ र बाल मृत्युदर (पाँच वर्ष मुनि) प्रति हजार जीवित जन्ममा ६१ रहेको छ (३ वर्षे योजना, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वेब साईट, २०६७) । तथ्याङ्कीय आधार तथा सेवाको सुनिश्चितताका लागि व्यक्तिगत घटना दर्ता खासगरी जन्म दर्तालाई अझ प्रभावकारी रुपमा अभियानको रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता देखिएको छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये करिब ८६.४ प्रतिशत मात्र विद्यालय भर्ना हुने गरेका छन् ( शिक्षा विभाग, Flash Report, 2009-2010) । सबैका लागि शिक्षाको अबधारणा अनुसार बालबालिकाहरुलाई विद्यालय पठाउनु अपरिहार्य भैसकेको छ ।

विगतदेखि नेपालका केही नगरपालिका र गाँउ विकास समितिहरुले नमुनाको रुपमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरिरहेका छन् । यस्ता कार्यक्रमहरुवीच एकरुपता ल्याउन, सामन्जस्य कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक ठानिएको छ । यसै सन्दर्भमा स्थानीय शासन प्रक्रियामा बालबालिकाहरुको अधिकार सम्बन्धी सबाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न गराउनको लागि यो रणनीति तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

## १.२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस राष्ट्रिय रणनीतिमा :–

(१) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनुपर्दछ ।

(२) "स्थानीय शासन" भन्नाले स्वायत्त शासनको अवधारणा अनुरुप स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम जनताको नजिकमा रहेका स्थानीय निकायका प्रतिनिधि मार्फत् संचालन गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(३) "बालमैत्री शासन" भन्नाले विनाभेदभाव (गैर विभेदीकरण), बालबालिकाको सर्बोत्तम हित, सर्वाङ्गीण विकास र सहभागिताको सिद्धान्तमा आधारित भै बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई सम्झनुपर्दछ ।

(४) "बालमैत्री स्थानीय शासन" भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिताजस्ता बाल अधिकारका सबाललाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा केन्द्रीय जिम्मेवारीलाई स्थानीयस्तरमा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(५) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सीप विकास, वचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्वन गरी प्रचलित कानुनबमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ ।

(६) "स्थानीय निकाय" भन्नाले नेपालका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिहरुलाई सम्झनुपर्दछ ।

(७) "नगरपालिका" भन्नाले नेपालका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरु स्म्झनुपर्दछ ।

(८) "गैर सरकारी संस्था" भन्नाले यस रणनीतिको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम बालबालिकाको क्षेत्रमा कार्य गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनुपर्दछ ।

(९) "बालमैत्री गाउँ विकास समिति/नगरपालिका/जिल्ला" भन्नाले बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ मा आधारित भै स्थानीय निकाय आफैले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम सूचकहरु सुनिश्चित गरी सम्बन्धित परिषद्बाट बालमैत्री स्थानीय निकाय भनी घोषणा गरिएको गा.वि.स./न.पा/जिल्ला सम्झनुपर्दछ ।

(१०) "बालमैत्री कार्यक्रम" भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भै सरकारी तथा गैर सरकारी क्षेत्रबाट र साझेदारीमा संचालन हुने कार्यक्रमहरु सम्झनुपर्दछ ।

(११) "विकास साझेदार" भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु सम्झनुपर्दछ ।

(१२) "बाल क्लव" भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च तथा बाल संजाल समेत सम्झनुपर्दछ ।

## १.३ बालमैत्री स्थानीय शासन रणनीतिको उद्देश्य

बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम संचालनको रणनीति, कार्यनीति, समन्वय, उपलब्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुऱ्याउनु यस रणनीतिको उद्देश्य रहेको छ ।

## १.४ बालमैत्री स्थानीय शासन रणनीतिको औचित्य

शासकीय प्रणाली र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सबालहरु सम्बोधन हुन आवश्यक ठानी नेपालका केही नगरपालिका र गाउँ विकास समितिहरुले नमुनाको रुपमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम संचालन गरिरहेका छन् । यस्ता कार्यक्रमहरुबीच एकरुपता ल्याउन र सामन्जस्य कायम गरी बालबालिकाको समुचित विकास गर्न अत्यावश्यक छ । यसै सन्दर्भमा स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सबाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको अवधारणाको संस्थागत विकास गर्न गराउनको लागि यो रणनीति तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यस रणनीतिको औचित्य देहाय बमोजिम रहेको छ :

क) बालमैत्री स्थानीय शासन प्रक्रियामा एकरुपता कायम गरी बालमैत्री स्थानीय शासन पद्धति सुदृढ गर्नु गराउनु,

ख) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी र निजी क्षेत्रबीच समन्वय र साझेदारीको विकास गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि साझेदारहरुबीच आर्थिक तथा प्राविधिक सहयोग एवं सहकार्यको वातावरण सिर्जना गर्नु गराउनु,

ग) बालमैत्री स्थानीय शासनको लागि राष्ट्रिय तथा स्थानीय नीति एवं क्रियाकलापबीच सामन्जस्य कायम गर्नु गराउनु,

घ) बालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकास गर्न सहयोग पुऱ्याउनु ।

ङ) नेपालको अन्तरिम संविधान, २०६३, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, बालबालिका सम्बन्धी ऐन, २०४८ र बालबालिका सम्बन्धी प्रचलित ऐन कानुनका प्रावधानहरुलाई कार्यान्वयन गरी बालबालिकालाई समय सापेक्ष सेवा प्रदान गरी अबसर सिर्जना र सो को न्यायोचित बितरण गर्नु ।

च) संघीय पद्धतिमा बालमैत्री स्थानीय सुशासनको तयारीमा टेवा पुऱ्याउनु ।

## १.५ शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले स्थानीय निकायलाई देहायका विषयमा सहयोग पुऱ्याउँछ :

क) स्थानीय निकाय तथा केन्द्रीय निकायहरुबाट स्थानीय तहमा बालबालिकाको क्षेत्रमा संचालन हुने बालबालिका सम्बन्धी योजना तथा कार्यक्रमलाई नतिजामुखी एवं प्रभावकारी बनाउने ।

ख) बालबालिकाको परिपक्वता र क्षमताको आधारमा स्थानीय शासन पद्धतिमा बालसहभागिता अभिवृद्धि गर्ने ।

ग) स्थानीय निकाय र सेवा प्रवाह सम्बन्धी संस्थाहरुलाई जवाफदेही र उत्तरदायी बनाउने ।

घ) बालअधिकारप्रति बयस्कहरुको सकारात्मक सोचको विकास र सहमतिको वातावरण सिर्जना गर्ने ।

ङ) स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र स्थानीय समुदायको साधन र स्रोत बालबालिकाको क्षेत्रमा प्रवाहित गर्ने ।

च) बालबालिकाहरु माथि हुने सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गर्ने ।

# खण्ड २: बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

## २.१ बाल अधिकार सम्बन्धमा भएका महत्वपूर्ण प्रयासहरु

बाल अधिकार सम्बन्धमा विभिन्न राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सन्धिहरुले व्यवस्था गरेका छन् । त्यस सम्बन्धमा भएका मुख्य विषयहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

### क) बाल अधिकार सम्बन्धी महासन्धि (CRC)

बाल अधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्बोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई बाल वचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता जस्ता चारवटा क्षेत्रमा केन्द्रित हुदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ ।

### ख) नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको सम्बन्धमा देहायका अधिकारहरु प्रत्याभूत गरिएका छन् :

(१) **समानताको हक (धारा १३):** सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानुनको समान संरक्षणबाट वंचित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।

(२) **बालबालिकाको हक (धारा २२):** यस धारामा बालबालिकाको हक सम्बन्धमा देहाय बमोजिमका प्रावधानहरु रहेका छन्:

१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ ।

२) प्रत्येक बालबालिकालाई पालपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित भएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

४) असहाय, अनाथ, सुस्त मनस्थितियुक्त, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका, सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।

५) कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

## ग) स्थानीय स्वायत्त शासन ऐन, २०५५

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकाय (गाँउ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति) ले योजना तर्जुमा गर्दा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरु छान्न प्राथमिकता दिनुपर्ने (दफा ४३, १११, २०१) व्यवस्था गरेको छ । यस्तै यस ऐनमा स्थानीय निकायहरुले बालबालिकाको हित र कल्याण सम्बन्धी काम गर्नु पर्ने (दफा २८ (१) (ट), ९६ (१) (ज), १८९ (१) (च) व्यवस्था गरिएको छ । साथै उक्त ऐनको दफा २८ (१) (छ), ९६ (१) (छ) र १८९ (१) (ढ) ले स्थानीय निकायहरुले मातृशिशु कल्याण, विस्तारित खोप र पोषण जस्ता कार्यक्रम तर्जुमा र कार्यान्वियन गर्ने गराउने व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी तोकिदिएको छ ।

यसका साथै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २३ र ५४ ले स्थानीय निकायमा एक महिला तथा बालवालिका विशेष कोष स्थापना र सञ्चालन गर्न सक्ने अधिकार प्रदान गरेको छ ।

## घ) बालबालिकासम्बन्धी ऐन, २०४८

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ । यस्तै ऐनको दफा ४ (१) ले बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनगरपालिकोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थोपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरुको व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान गरेको छ ।

## ङ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भन्ने व्यहोरा ऐनको दफा ४ मा उल्लेख भएको छ । यसैगरी बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन भन्ने व्यहोरा दफा ९ (२) मा रहेको छ । ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा

व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ ।

### च) तीन वर्षे अन्तरिम योजना (२०६४/६५–२०६६/६७)

तीन वर्षे अन्तरिम योजना (२०६४/६५–२०६६/६७) को अध्याय २७ को स्थानीय विकास खण्डको नीति तथा कार्यनीति प्रकरणमा बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको लागि बालमैत्री अभियानलाई स्थानीय निकायमा संस्थागत गरिनेछ भन्ने कुरा उल्लेख भएको थियो । साथै अध्याय २३ (बालबालिका) को नीति तथा कार्यनीति प्रकरणमा बालमैत्री शासन प्रणालीको अवधारणा अनुरुप स्थानीय निकायहरुलाई बालबालिकाहरु सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नको लागि प्रोत्साहित गरिनेछ भनी उल्लेख भएको र सोही खण्डमा बाल सहभागिताको लागि नीति तथा मार्गदर्शन तयार गर्ने कुरा समेत उल्लेख भएको थियो ।

### छ) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको आयोजना दस्तावेजमा सो कार्यक्रम डिजाइन र कार्यान्वयन गर्दा सामाजिक समावेशीकरण, लैङ्गिक समता र बालमैत्री दृष्टिकोणलाई समेत समावेश गर्ने कुरा उल्लेख गरिएको छ । साथै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले आफ्नो आयोजना दस्तावेजको सिद्धान्त, नीति, नतिजा सूचक र अनुगमन एवं मूल्याङ्कनको ढाँचामा समेत बालमैत्री स्थानीय शासन सम्बन्धी क्रियाकलापहरु उल्लेख गरी यसलाई प्राथमिकता दिएको छ । यसका अलावा स्थानीय निकायहरुले जुलाई २०१२ को अन्तसम्ममा बालमैत्री स्थानीय शासन अवलम्बन गरेका हुनेछन् भनी नतिजा नं. ६ को सूचकमा तोकेको छ । नतिजा सूचकको बुँदा न. ६.१.५ मा बालमैत्री स्थानीय शासनको लागि राष्ट्रिय रणनीति तयार गर्ने गरी क्रियाकलाप तोकिएको छ ।

### ज) सहस्राब्दी विकास लक्ष्यहरु

सहस्राब्दी विकास लक्ष्यमा बालबालिको हितसंग प्रत्यक्ष सम्वन्ध राख्ने देहाय बमोजिमको व्यवस्था गरिएको छ :

(१) लक्ष्य २: गन्तव्य ३: सन् २०१५ सम्ममा सबै बालबालिकाले प्राथमिक शिक्षा पाएका हुनेछन् ।

(२) लक्ष्य ३: गन्तव्य ४: सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ ।

(३) लक्ष्य ४: गन्तव्य ५: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले कम भएको हुनेछ ।

(४) लक्ष्य ५: गन्तव्य ६: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा मातृमृत्यु अनुपात तीन चौथाईले घटेको हुनेछ ।

(५) लक्ष्य ६: गन्तव्य ७: सन् २०१५ सम्ममा एच्आईभी रोक्ने र यसलाई पूर्ववत्स्थितिमा फर्काउन सुरु गरिएको हुनेछ ।

(६) लक्ष्य ७: गन्तव्य १०: सुरक्षित खानेपानी तथा आधारभूत सरसफाइमा दिगो पहुँचबाट वञ्चित जनसंख्याको अनुपात सन् २०१५ सम्ममा आधा घटेको हुनेछ ।

### झ) बालबालिका सम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२)

बालबालिका सम्बन्धी १० बर्षीय राष्ट्रिय कार्ययोजना, (२०६१/६२-२०७१/७२) ले बालबालिकाले आफू सुहाउँदो समुदायमा आफ्ना अधिकारहरु भरपुर उपयोग गर्नेछन् र तिनीहरुको पूर्ण सामर्थ्यको उपयोग र महसुस गर्नेछन् भनी दीर्घकालीन सोच (Vision) निर्धारण गरेको छ । यस्तै बालमैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिकाविरुद्ध हुने सबै प्रकारका शोषणको अन्त्य गरी बालबालिकाको जीवनस्तर उच्च पार्न प्रत्येक बालबालिकाको अधिकार सुनिश्चित गरिने लक्ष्य तोकिएको छ । यस कार्ययोजनाले शिक्षा, बालविकास, स्वास्थ्य, पोषण र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बालमैत्री वातावरणको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

### ञ) गाउँ विकास समिति तथा जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधिः २०६७

गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ र जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा ११ (३) (ख) मा सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमका लागि न्यूनतम् १० प्रतिशत, र (ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत खर्च गर्ने व्यवस्था गरेको छ ।

## २.२ बाल अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका अन्य प्रयासहरु

बाल अधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा लामो समयदेखि विविध प्रयासहरु हुँदै आएका छन् । त्यस मध्ये नेपालले अवलम्बन गरेका केही प्रमुख प्रयासहरु देहायबमोजिम रहेका छन् :

(१) महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW), १९७९ लाई नेपालले अनुमोदन गरेको ।

(२) सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० मा नेपालको सहमति रहेको ।

(३) दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ मा नेपाल पक्ष बनेको ।

(४) वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि २००२, नेपालले अनुमोदन गरेको ।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा गरिएको ।

(६) अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर गरेको ।

(७) शिक्षा, स्वास्थ्य, श्रम तथा यातायात, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय जस्ता विषयगत मन्त्रालयले बालबालिकाका सबालहरुलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको ।

(८) गृह मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र दातृ निकायसंगको समन्वयमा नेपालका केही गाउँ विकास समिति तथा नगरपालिकामा बालमैत्री स्थानीय शासन र बालमैत्री गाँउ विकास समिति कार्यक्रम नमुनाको रुपमा संचालन गर्दै आएको ।

उपर्युक्त बमोजिम अन्तर्राष्ट्रिय प्रतिवद्धता व्यक्त गरिएको तथा कानुनी एवं नीतिगत व्यवस्था गरिएको भए तापनि लक्षित वर्गमा वास्तविक सेवा प्रवाह अपेक्षाकृत कम हुन गएको छ । आ–आफ्नो तरीका र तहमा छुट्टाछुट्टै तवरबाट छरिएर कार्यक्रमहरु संचालन हुन जाँदा कार्यक्रमको लक्ष प्राप्त हुनमा कठिनाई पैदा भएको वास्तविकतालाई मनन गर्दै स्थानीय निकायहरुद्वारा एकीकृत र समन्वित रुपमा कार्यक्रम संचालन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनेतर्फ विशेष ध्यान दिन जरुरी भएको छ ।

## खण्ड ३: बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था

### ३.१ बालमैत्री स्थानीय शासनको रणनीतिक सोच

मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउनु नै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोच हुनेछ :

### ३.२ बालमैत्री स्थानीय शासनको लक्ष्य

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता भएको हुनेछ ।

### ३.३ बालमैत्री स्थानीय शासनका उद्देश्यहरु

स्थानीयस्तरका सबै क्षेत्र र तहका निकायहरुको नीति, संरचना, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको माध्यमबाट उनीहरुका अधिकार सम्बन्धी सबालहरुलाई मूलप्रवाहीकरण गरी बालमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्दै देहायका नतिजाहरु प्राप्त गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हुनेछ ।

(१) बालबालिकाहरु सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन ।

(२) बालबालिकाहरुको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन ।

(३) बालबालिकाहरुको विकास सम्बन्धी हकको प्रवर्द्धन ।

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरुको आवाजको सुनुवाई ।

### ३.४ बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशक सिद्धान्तहरु अवलम्बन गरिनेछ :

#### ३.३.१ विनाभेदभाव (गैरविभेदीकरण)

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

### ३.३.२ बालबालिकाको सर्वोत्तम हित

शासन संचालनका हरेक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ । सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

### ३.३.३ बालबालिकाको सर्वाङ्गीण विकास

बाल वचाउ र विकासको सन्दर्भमा जिउने र उनीहरुको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

### ३.३.४ बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धित सबालहरुमा स्थानीय तहको योजना चक्रका हरेक चरणमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ ।

### ३.३.५ सन्निकटताको सिद्धान्त (Principle of Subsidiarity)

बालबालिकाको हितको लागि प्रवाह हुने वस्तु तथा सेवामा स्थानीय निकाय, स्थानीयस्तरका विषयगत कार्यालय तथा गैरसरकारी संघ–संस्थाहरु, नागरिक समाज, सामुदायिक संस्था जस्ता बालबालिकाको नजिकमा रहेर सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

### ३.३.६ समावेशीकरणको सिद्धान्त

समावेशीकरणको सिद्धान्त अनुसार प्रत्येक तह, लिङ्ग, वर्ग, क्षेत्र र क्षमताका बालबालिकाहरुलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरुमा समान रुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ । स्थानीय शासन र विकाससम्बन्धी गतिविधिका हरेक पक्षमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ ।

### ३.३.७ समुदायमा आधारित विकासको सिद्धान्त

यो रणनीतिको कार्यान्वयन समुदायमा आधारित विकासको सिद्धान्त अनुसार हुनेछ । समुदाय र स्थानीय निकायको सक्रिय सहभागितामा यसको संचालन हुने र यस रणनीतिमा आधारित भई स्थानीयस्तरमा आवश्यक कार्यविधि तथा कार्यान्वयन व्यवस्था स्थानीय तहमै मिलाउन सकिनेछ ।

### ३.५ बालमैत्री स्थानीय शासनका रणनीतिहरु

बालमैत्री स्थानीय शासनको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ : यस सम्बन्धी विस्तृत व्याख्या अनुसूची १ मा दिइएको छ ।

#### ३.५.१ मूलप्रवाहीकरण

(१) बाल अधिकारको बिषयलाई स्थानीय निकायको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।

(२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गर्ने ।

#### ३.५.२ नीतिगत वकालत पैरबी र सचेतना

(१) नेपाल सरकार एवं स्थानीय निकायका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न स्थानीय निकायले आवश्यक पर्ने विनियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन गर्ने गराउने ।

(३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।

(४) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।

(५) स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विकास मंचहरुमा बालमैत्री शासनको अवधारणालाई रुपान्तरण गर्न पहल गर्ने ।

(६) यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीयस्तरमा भएका सन्धि, सम्झौता, कानुन एवं नीतिगत प्रावधानहरुको सम्प्रेषण गर्ने ।

#### ३.५.३ संस्थागत विकास

(१) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँ विकास समिति र नगरपालिकाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला विकास समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।

(२) स्थानीय निकाय र समुदायस्तरमा बालमैत्री शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । गाउँ बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन जिल्ला/नगरपालिका/गाउँ विकास समितिको संस्थागत क्षमता विकास गर्ने ।

(३) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाइहरुमा सांगठनिक व्यवस्था मिलाउने ।

(४) बालबालिकाका संस्थाहरु सूचीकृत गर्ने, संजाल निर्माण गर्ने र साथै उनीहरुको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरुलाई प्रकाशमा ल्याउने ।

(५) स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरु, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता निकायहरुका बीचमा सामन्जस्य कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरु प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।

(६) स्थानीय शान्ति समिति वा अन्य समुदायमा आधारित बाल संरक्षण प्रणालीहरु जस्तै प्यारा–लिगल समिति वा यस्तै प्रकृतिका अन्य संस्थाहरुलाई यस प्रक्रियामा आबद्ध गर्ने ।

(७) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।

### ३.५.४ क्षमता विकास

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि :

(१) विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गर्ने ।

(२) बालमैत्री कार्यक्रम संचालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने ।

(३) नमूनाको रुपमा बालबालिकाका लागि मात्र कार्यक्रम (Child Only Programme) संचालन गर्ने ।

(४) अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन गर्ने र तालिम, अवलोकन र अनुभव आदान प्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।

(५) संचार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरुको सम्प्रेषणका लागि रेडियो, एफएम्, टिभि, पत्रपत्रिकाजस्ता संचार माध्यमहरुको उपयोग गर्ने ।

(६) राष्ट्रियस्तरमा स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची (Roster) तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने र प्रशिक्षण सामाग्री तयार गरी जिल्लास्तरमा समेत प्रशिक्षक तयार गर्ने ।

(७) स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेब साइटमा बालमैत्री उपयोगी सामाग्री राखी व्यापक प्रचार प्रसार गराउने ।

(८) जिल्लास्तरमा जिल्ला सूचना तथा अभिलेख केन्द्र र मानव संसाधन विकास केन्द्रको क्षमता बढाउने ।

### ३.५.५ सहकार्य र साझेदारी प्रवर्द्धन

(१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।

(२) विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने ।

### ३.५.६ सामुदायिक परिचालन

(१) स्थानीयस्तरमा बालअधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।

(२) बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने ।

(३) समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने ।

### ३.५.७ सामाजिक जवाफदेही र पारदर्शिता

(१) बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय निकाय तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी स्रोत साधन परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।

(२) बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।

### ३.५.८ सामाजिक समावेशीकरण

(१) स्थानीय सीमान्तीकृत समुदाय, गरीब, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने ।

(२) स्थानीय निकायका आवधिक तथा वार्षिक योजनामा अनिवार्य रुपले समावेश गर्ने ।

### ३.५.९ सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन

(१) बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरुको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने ।

(२) स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने ।

### ३.५.१० अनुगमन तथा मूल्याङ्कन

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।

(२) विद्यमान नीति तथा कानुनी व्यवस्था अनुरुप स्थानीय निकायहरुबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने ।

(३) बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने ।

(४) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको लेखाजोखा र अनुगमन गर्ने ।

(५) बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने ।

(६) बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, विनियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने ।

(७) स्थानीय निकायहरुको न्यूनतम् शर्त तथा कार्य सम्पादन मापन कार्यविधिमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु समावेश गरी स्थानीय निकायको कार्यसम्पादनको मूल्याङ्कन गर्ने ।

(८) अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।

## ३.६ बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था

स्थानीय निकायबीच समन्वय गरी स्थानीय विकास प्रक्रियामा सहजीकरणको कार्य गरिरहेको स्थानीय विकास मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । बालमैत्री स्थानीय शासनको लागि नीतिगत वकालत गर्ने, बाल अधिकारको संस्थागत विकासको लागि अन्य निकायहरुलाई मूल प्रवाहीकरण गर्ने, आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी सूचकहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, स्थानीय निकायको वित्तीय स्रोतबाट बालमैत्री शासन पद्धति र सेवा प्रवाहमा स्रोत विनियोजन तथा उपयोगको सुनिश्चितता गराउने, अनुदान उपलव्ध गराउने, विषयगत मन्त्रालयहरुलाई बालमैत्री योजना तर्जुमा गर्न समन्वय र सहकार्य गर्नेजस्ता कार्य गर्न स्थानीय विकास मन्त्रालयले संस्थागत व्यवस्था मिलाउनेछ ।

राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र मातहतका निकायहरु, केन्द्रीय बाल कल्याण समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र निजी क्षेत्रले बालमैत्री शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरु संचालन गर्नेछन् ।

बालमैत्री स्थानीय शासन कार्यक्रमलाई संस्थागत रुपमा व्यवस्थित गरी समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्न केन्द्रस्तरमा “बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति” जिल्लास्तरमा “बालमैत्री स्थानीय शासन जिल्ला समिति” तथा नगर र गाउँस्तरमा “बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति” गठन गरिनेछ । साथै समुदायस्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न समुदायस्तरीय समिति गठन र संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

## ३.७ बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु

बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरु देहायबमोजिम हुनेछन्[1]:

(१) बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि जिल्ला, नगर तथा गाउँ समितिको गठन ।
(३) बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।
(४) जिल्ला विकास समिति र नगरपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध ।
(५) निश्चित सूचक/मापदण्डका आधारमा नगरपालिकाको वडा र गाँउ विकास समितिको छनौट ।
(६) बालबालिकाको वस्तुगत विवरण तयारी ।
(७) बालकोष (Child Fund) को स्थापना ।
(८) बाल क्लब तथा सामुदायिक संस्थाहरुको गठन, विकास र परिचालन ।
(९) सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।
(१०) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।
(११) आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन ।
(१२) बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।
(१३) अनुगमन, समीक्षा र मूल्याङ्कन ।
(१४) स्थानीय निकायको परिषदबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय ।
(१५) बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण ।
(१६) बालमैत्री गाउँ, नगर र जिल्लाको घोषणा र यसको निरन्तरता ।

[1] स्थानीय निकायले आवश्यकता अनुसार कार्यदल समेत गठन गरी उक्त तहगत खुड्किलाहरुको कार्यान्वयन व्यवस्था मिलाउन सक्नेछन् ।

## खण्ड ४: बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था

### ४.१ बालमैत्री स्थानीय शासन पद्धति विस्तार

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता र गुणस्तरमा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ तर्जुमा गरिएको यस रणनीतिमा समावेश गरिएका न्यूनतम सूचकहरु प्राप्तिमा यस पद्धति विस्तारको महत्वपूर्ण भूमिका रहन सक्दछ । यसैले यस पद्धतिको विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

बालमैत्री स्थानीय शासन संचालनमा हालसम्म भई आएका प्रयासहरु, स्थानीय निकाय तथा सम्बन्धित साझेदार निकायहरुको चासो र सहयोगी भूमिकालाई आधार मानी देहायको तालिकामा उल्लेख भए बमोजिमको स्थानीय निकायहरुमा यस पद्धतिको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । यस कार्यमा केन्द्र, जिल्ला, नगर र गाउँस्तरसम्मका सबै साझेदार निकायहरुको उल्लेखनीय भूमिका रहनेछ । जिल्ला विकास समिति र नगरपालिकाको छनौट बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिले निर्धारण गरे बमोजिम र नगरपालिकाको वडा तथा गाउँ विकास समितिको छनौट अनुसूची २ मा दिईएको सूचकका आधारमा सम्बन्धित नगरपालिका र जिल्ला विकास समितिले निर्णय गरे बमोजिम हुनेछ ।

| स्थानीय निकाय/वर्ष | २००९ | २०१० | २०११ | २०१२ | २०१३ | २०१४ | २०१५ |
|---|---|---|---|---|---|---|---|
| जिल्ला विकास समिति | ५ | १५ | २५ | ३७ | ४० | ४५ | ५० |
| नगरपालिका | १ | ५ | १० | १५ | २० | ३० | ४० |
| गाँउ विकास समिति | १० | ३५ | १०० | ३०० | ५०० | ७०० | १००० |

### ४.२ वित्तीय स्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि नेपाल सरकार, विकास साझेदार, स्थानीय निकाय, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुको उल्लेख्य भूमिका रहनेछ । नेपाल सरकारले स्थानीय निकायलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत थप अनुदान उपलब्ध गराउने रकमबाट यस क्षेत्रमा खर्च जुटाउन सहयोग पुग्नेछ । विकास साझेदारहरुले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा छुट्टै रुपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य सहयोगको रुपमा समझदारी पत्रमा उल्लेख भए बमोजिम थप वित्तीय सहयोग उपलब्ध गराउनेछन् । नेपाल राष्ट्रिय कार्यक्रम कार्ययोजनामा उल्लेख भए बमोजिम सन् २०१२ सम्म र त्यसपछि पनि निर्धारित कार्यक्रमलाई सघाउ पुग्ने गरी युनिसेफ लगायतका विकास साझेदार संस्थाहरुबाट सहयोग प्राप्त गर्न ध्यान दिइनेछ । स्थानीय निकायले आवधिक तथा वार्षिक बालमैत्री योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूजिँगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन

गर्नेछन् । यस्तै, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरुले यो रणनीतिको कार्यान्वयनको लागि बनेको आवधिक तथा वार्षिक योजनासंग सह-सम्वन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम संचालनमा सहयोग उपलव्ध गराउनेछन् ।

यसका साथै स्थानीय विकास मन्त्रालयले स्थानीय निकायको अनुगमन मूल्याङ्कन लगायतका सूचकहरुमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु थप गर्नेछ र यस सम्बन्धी सूचकहरुको मूल्याङ्कनको आधारमा स्थानीय निकायलाई वार्षिक एकमुष्ट थप आर्थिक अनुदान दिन र दातृ निकायबाट थप स्रोत जुटाउन प्राथमिकता दिनेछ ।

## खण्ड ५: बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरु

### ५.१ बालमैत्री स्थानीय शासनका प्रतिफलहरु

यस रणनीति बमोजिम बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको उपलब्धिहरु प्राप्त हुनेछन् । यस्ता उपलब्धिहरुको विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख गरिनेछ ।

#### ५.१.१ बालबालिकाको लागि स्थानीय विकास योजना

बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय निकायहरुले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सबाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरु समावेश भएको विकास योजना दस्तावेज तयार गर्नेछन् । यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधार समेत तयार गर्नेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो योजनालाई स्थानीय निकायको आवधिक एवं दीर्घकालीन योजनासँग आबद्ध गरिनेछ ।

#### ५.१.२ बालबालिकाको लागि स्थानीय लगानी योजना

माथि उल्लिखित वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय निकायले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रुपमा उल्लेख गरिनेछ । यसो गर्दा केन्द्रीय सरकारबाट प्राप्त अनुदान, बाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र स्थानीय विषयगत निकायबाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रुपमा विनियोजन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

#### ५.१.३ बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरु तर्जुमा एवं परिमार्जन

बालमैत्री स्थानीय शासन प्रवर्द्धन र बालबालिकाको समग्र विकासको लागि नीति नियम तर्जुमा र विद्यमान ऐन नियममा आवश्यकता अनुसार परिमार्जन गर्ने रणनीति लिइनेछ । यसका अतिरिक्त स्थानीय निकायहरुले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिधिभित्र रही आवश्यक नीति, नियम, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गर्न सक्नेछन् ।

#### ५.१.४ बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन

बालबालिका सम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय निकायहरुद्वारा विगतका वर्षहरुमा भए गरेका कार्यहरुको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानुन, योजना र कार्यसम्बन्धी

कार्यक्रमहरुको कार्यान्वयनको चित्रण गरी प्रकाशन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

## ५.२ उपलब्धि मापनका न्यूनतम् सूचकहरु

यस पद्धति अवलम्बन गर्ने स्थानीय निकायहरुले यसै रणनीतिको अनुसूची ३ मा उल्लेखित न्यूनतम् सूचकहरुलाई आफ्नो कार्यक्रममा समावेश गरी संचालन गरेको हुनुपर्नेछ । यस रणनीतिको मूल मर्ममा असर नपर्ने गरी सम्बन्धित स्थानीय निकायहरुले उपलव्ध अवसर र क्षमताको आधारमा यसमा उल्लेख गरिएका सूचकहरुमा अरु सूचकहरु थप गरी लागु गर्न सक्नेछन् । स्थानीय अवस्था अनुसार यस सम्बन्धी थप सूचकहरु निर्धारण गर्नु पर्दा स्थानीय निकायको आवधिक योजना, राष्ट्रिय आवधिक योजना र सहस्राव्दी विकास लक्ष्यलाई समेत आधार मान्न सकिनेछ । यसमा उल्लिखित न्यूनतम् सूचक हासिल गर्ने जिम्मेवारी अनुसूची २ मा उल्लेख भए बमोजिमको निकायहरुको हुनेछ र यस सम्बन्धी कार्य र नतिजा प्राप्तिको समन्वय र अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय निकायको हुनेछ । स्थानीय निकायले यस सम्बन्धी समीक्षालाई छुट्टै क्षेत्रको रुपमा लिई नियमित समीक्षामा समाहित गर्नु पर्नेछ ।

# खण्ड ६: बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा

## ६.१ बालमैत्री स्थानीय शासन पद्धतिको छनौट

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नगरपालिकाको हकमा नगरपालिका आफैले र गाँउ विकास समितिको हकमा जिल्ला विकास समितिले गाँउ विकास समितिको छनौट र बालमैत्री कार्यक्रम संचालनमा सहजीकरणको भूमिका निर्वाह गर्नेछ । समग्र समन्वयकारी भुमिका भने जिल्ला विकास समितिमा रहनेछ । तर कुनै जिल्ला विकास समितिले यस कार्यलाई प्राथमिकतामा नराखेमा इच्छुक गाँउ विकास समितिहरुले सम्बन्धित जिल्ला विकास समितिलाई यस्तो कार्यको जानकारी दिई आफै कार्यक्रम संचालन गर्न बाधा परेको मानिने छैन ।

## ६.२ बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

यस पद्धतिको अवलम्बन गर्ने स्थानीय निकायहरुले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहाय बमोजिमका कार्यहरु गरेको हुनुपर्नेछ । यस्तो कार्य गर्ने स्थानीय निकायलाई बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता (CFLG Adopter) मानिनेछ ।

(१) साझेदार संस्थाहरुलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त ।

(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा ।

(३) आफ्नो कुल पूँजिगत बजेटको कम्तिमा १५ प्रतिशत रकम विनियोजन सहितको लगानी योजना ।

(४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरुको निर्धारण ।

(५) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (इकाई/शाखा बनाउने वा सम्पर्क विन्दु तोक्ने) ।

(६) सम्बन्धित परिषद्बाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

## ६.३ बालमैत्री स्थानीय निकाय घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय निकायको परिषद्ले आफ्नो क्षेत्र ( जिल्ला/नगर/गाउँ) लाई बालमैत्री स्थानीय निकाय भनी घोषणा (CFLG Declaration) गर्न सक्नेछन् । यस्तो घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय निकायको परिषदले यसै रणनीतिको अनुसूची २ मा आधारित भै निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत सूचक हासिल गरेको हुनुपर्नेछ । यस्तो सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय निकायको आवधिक वा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल शोषण तथा एच् आई भि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ । यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरुको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित सूचक प्राप्त भए नभएको सम्बन्धमा स्थानीय विकास मन्त्रालय र सम्बन्धित जिल्ला विकास समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनेछन् । यसरी अनुगमन गर्दा निर्धारित सुचकहरु प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय निकायलाई बालमैत्री स्थानीय निकाय घोषणा गर्न सकिने छ । यसरी बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय निकायलाई पुरस्कृत गरिनेछ ।

## खण्ड ७: विविध

### ७.१ पूर्वानुमान

यो रणनीति तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान गरिएको छ :

(१) केन्द्रीय तथा स्थानीय निकायहरु बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पर्याप्त साधन र स्रोत व्यवस्थापन गर्न सक्षम हुनेछन् ।
(२) विकास साझेदारहरुले यस क्षेत्रलाई उच्च प्राथमिकता दिनेछन् ।
(४) विषयगत मन्त्रालय तथा मातहतका निकायको उच्चतम सहयोग र समन्वय रहनेछ ।
(५) देशको भावी संघीय स्वरुपमा हालका स्थानीय निकायहरु स्थानीय सरकारको रुपमा रुपान्तरित भई यो पद्धतिको अवलम्बन गरेका हुनेछन् ।

### ७.२ जोखिम पक्ष

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको सफल कार्यान्वयनको लागि देहाय बमोजिमको विषयलाई जोखिम पक्षको रुपमा लिईएको छ :

(१) स्थानीय निकायको प्रतिवद्धता र दृढ निश्चितता ।
(२) अन्तर संस्थागत समन्वय र एकीकृत सहयोग ।
(३) स्थानीय राजनैतिक र प्रशासनिक प्रतिबद्धता, स्थायित्व र निरन्तरता ।

### ७.३ संसोधन गर्न सकिने

यस रणनीतिको कार्यान्वयनमा कुनै ब्यवधान आइ परेमा स्थानीय विकास मन्त्रालयले आवश्यकताअनुसार थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ । तर यस्तो संसोधनको जानकारी नेपाल सरकार, मन्त्रिपरिषद र सम्बन्धित विषयगत निकायहरुलाई दिनु पर्नेछ ।

# अनुसूचीहरु

अनुसूची १

## बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा

(दफा ३.५ संग सम्बन्धित)

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| • मूलप्रवाहीकरण | • बाल अधिकारको बिषयलाई स्थानीय निकायको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।<br>• बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षिता उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षण गर्ने । | • स्थानीय विकास मन्त्रालय<br>• महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>• स्थानीय निकाय |
| • नीतिगत वकालत, पैरबी र सचेतना | • नेपाल सरकार एवं स्थानीय निकायका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने विनियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।<br>• विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।<br>• क्षेत्रीय एवं राष्ट्रिय विकास मंचहरुमा बालमैत्री शासनको अवधारणालाई उठाउने ।<br>• यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि, सम्झौता एवं स्थानीयस्तरमा भएका नीतिगत प्रावधानहरुको कार्यान्वयनमा जोड दिने । | • स्थानीय विकास मन्त्रालय<br>• महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• विषयगत मन्त्रालय<br>• केन्द्रीय बाल कल्याण समिति<br>• बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति<br>• स्थानीय निकाय<br>• युनिसेफ लगायतका विकास साझेदारहरु<br>• बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| • संस्थागत विकास | • बालमैत्री स्थानीय शासन पद्धतिको विकासमा गाउँ विकास समिति र नगरपालिकाहरुलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला विकास समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।<br>• जिल्ला विकास समिति, नगरपालिका, गाँउ विकास समिति र समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । गाउँ बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन | • राष्ट्रिय योजना आयोग<br>• स्थानीय विकास मन्त्रालय<br>• महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>• विषयगत मन्त्रालय र निकायहरु<br>• स्थानीय निकाय<br>• केन्द्रीय बाल कल्याण समिति<br>• विकास साझेदारहरु |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| | जिल्ला/नगरपालिका/गाँउ विकास समितिको संस्थागत क्षमता विकास गर्ने ।<br>● बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाईहरुमा सांगठनिक व्यवस्था मिलाउने ।<br>● बालबालिकाका संस्थाहरु सूचीकृत गर्ने, संजाल निर्माण गर्नका साथै उनीहरुको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी मामला उजागर गर्ने ।<br>● स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरु, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता निकायहरुका बीचमा सामन्जस्यता कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरु प्राप्तिको लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।<br>● स्थानीय शान्ति समिति वा प्यारालिगल कमिटि वा यस्तै प्रकृतिका अन्य संस्थाहरुलाई यस प्रक्रियामा आवद्ध गर्ने ।<br>● बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरुमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने । | ● युनिसेफ लगायत संयुक्त राष्ट्रसंघीय निकायहरु<br>● बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>● सामुदायिक संस्था |
| ● क्षमता विकास | ● विभिन्न तहका साझेदार र सहयोगीहरुबीच कार्यगत संजाल निर्माण गर्ने र आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।<br>● अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरु संचालन गर्ने र नमूनाको रुपमा बालबालिकाका लागिमात्र कार्यक्रम संचालन गर्ने<br>● प्रचार प्रसारको रणनीति तयार गरी छापा तथा विद्युतिय संचार माध्यमद्वारा प्रचार प्रसार गर्ने र वेभ साईटमा उपयोगी सामाग्री राख्ने ।<br>● स्रोत व्यक्ति एवं प्रशिक्षकहरुको सूची तयारी, परिचालन, सूचना र स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गर्ने । | ● राष्ट्रिय योजना आयोग<br>● स्थानीय विकास मन्त्रालय<br>● महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय<br>● स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>● विषयगत मन्त्रालयहरु<br>● स्थानीय निकाय<br>● केन्द्रीय बाल कल्याण समिति<br>● विकास साझेदारहरु<br>● बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>● सामुदायिक संस्था<br>● युनिसेफ लगायत विकास साझेदाहरु |
| ● सहकार्य र साझेदारी प्रवर्द्धन | ● बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास | ● स्थानीय विकास मन्त्रालय<br>● स्थानीय निकाय |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| | समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।<br>● विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुशरण गर्ने । | ● विकासका साझेदार |
| ● सामुदायिक परिचालन | ● स्थानीयस्तरमा बाल अधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।<br>● बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने ।<br>● समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने । | ● स्थानीय निकाय<br>● विकास साझेदार<br>● महिला तथा बालवालिका कार्यालय<br>● बालक्लव<br>● बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>● समुदायमा आधारित संघसंस्थाहरु |
| ● सामाजिक जवाफदेहिता र पारदर्शिता | ● बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय निकाय तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी साधनस्रोत परिचालनका वारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।<br>● बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने । | ● स्थानीय निकाय<br>● विकास साझेदार<br>● बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| ● सामाजिक समावेशीकरण | ● स्थानीय सीमान्तीकृत समुदाय, गरीब, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने । | ● स्थानीय विकास मन्त्रालय<br>● स्थानीय निकाय<br>● विकास साझेदार |
| ● सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन | ● बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरुको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने ।<br>● स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बाल अधिकारको विषय समावेश गराउने । | ● शिक्षा मन्त्रालय<br>● स्थानीय निकाय<br>● जिल्ला शिक्षा कार्यालय<br>● विकास साझेदार |
| ● अनुगमन तथा मूल्याङ्कन | ● बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचक सरोकाबालाहरुलाई जानकारी गराउने र संचालित कार्यक्रमहरुको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।<br>● विद्यमान नीति तथा कानुनी व्यवस्था अनुरुप स्थानीय निकायहरुबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने ।<br>● बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने ।<br>● बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको अनुगमन गर्ने । | ● राष्ट्रिय योजना आयोग<br>● स्थानीय विकास मन्त्रालय<br>● विषयगत मन्त्रालय<br>● स्थानीय निकाय<br>● विकास साझेदार<br>● बालवालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>● स्वतन्त्र पेशागत समूह<br>● बाल समूह संजाल |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| | • बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने ।<br>• बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, विनियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने ।<br>• अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई समेत पुरस्कृत गर्ने । | |

द्रष्टव्यः स्थानीय निकायले स्थानीय तहको अवस्था र आवश्यकता अनुसार माथि उल्लिखित रणनीतिक ढाँचाको आधारमा आ-आफ्नो रणनीति तथा कार्यनीति तय गर्नेछन् ।

## अनुसूची २

बालमैत्री कार्यक्रमका लागि नगरपालिकाका वडा तथा गाउँ विकास समिति छनौटका आधारहरु

(दफा ४.१ संग सम्बन्धित)

१) राजनैतिक इच्छा शक्ति र प्रतिवद्धता जनाएको ।

२) नगरपालिका, गाविस, संघसस्था, नागरिक समाजको चाहना, प्रतिवद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता ।

३) बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बालक्लव साथै तिनको सञ्जाल क्रियाशील भएको ।

४) बाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट स्रोत विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिवद्धता जनाएको ।

५) गरिवी सुचकांङ्क र विपन्न नक्साङ्कनमा पछि परेको नगरपालिकाको वडा, गाविस तथा भौगौलिक रुपमा विकट भएको ।

६) दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गका जनताको बाहुल्यता भएको ।

७) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन गर्न आवश्यक मानवीय संशाधनको उपलब्धता ।

# अनुसूची ३

बाल अधिकारमा आधारित बालमैत्री स्थानीय शासनसम्बन्धी न्यूनतम सूचकहरु

(दफा ५.२ संग सम्बन्धित)

२.१ सेवा प्रवाहसम्बन्धी सूचकहरु :

**क) बाल बचाउ**

(१) ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका (आमाको दूध मात्रै खुवाउने) हुनेछन्,

(२) १ वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रुपमा खोप (डिपिटी, हेपटाइटिस बि, हिब ३) पाएका हुनेछन्,

(३) १ देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन्,

(४) गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन्,

(५) गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्,

(६) गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन्,

(७) गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् ।

(८) एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् ।

(९) सबै घरधुरीमा पिउनयोग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ ।

(१०) चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ ।

**ख) बाल संरक्षण**

(१) ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ,

(२) बाल विवाहको संख्यामा कमी आएको हुनेछ,

(३) निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ,

(४) घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ,

(५) बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याईएको हुनेछ ।

**ग) बाल विकास**

(१) ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्,

(२) कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन्,

(३) ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनेछन्,
(४) औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ,
(५) प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,
(६) प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ,

**घ) बाल सहभागिता**

(१) स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनेछ,
(२) स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ,
(३) विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरवाट बालवालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ,
(४) स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनेछ,
(५) गाँउ विकास समितिको हकमा हरेक गाँउ विकास समितिमा बालक्लवको सञ्जाल र नगरपालिकाको हकमा नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ,
(६) जिल्ला र नगर तहमा बाल संजाल गठन भएको हुनेछ ।

२.२ संस्थागत विकास सम्बन्धी सूचकहरु :

(१) स्थानीय निकायको परिषद् नियमित रुपमा संचालन भएको हुनेछ,
(२) स्थानीय निकायहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन्,
(३) स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ,
(४) स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्,
(५) स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्,
(६) स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्,
(७) स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहनेछ,
(८) स्थानीयस्तरमा प्यारालिगल समिति जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन्,
(९) स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ,
(१० बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ,
(११) जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,
(१२) बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।